# जलजला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# लामाखेत, पर्वत

# प्रगति प्रतिवेदन
# (साउन देखी हालसम्म)

## आर्थिक बर्ष २०८०/०८१

क) <u>प्रशासन शाखाको प्रगति विवरणः-</u>

- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगमा गत आ.व. २०७९/८० को प्रगतिको १७ सूचकमा पठाउनु पर्ने विवरण पठाएको जसको आधारमा अन्तर सरकारी वित्तिय हस्तान्तरका लागि आयोगवाट तयारी शुरु भएको र देशभरको अंङ्क सार्वजनिक भएको।
  - संघीय समपूरक योजनाका लागि राष्ट्रिय योजना आयोगको पोर्टलमा समपूरकका लागि २ र विशेष अनुदानका लागि १ योजनाको विवरण अपलोड गरिएको।
  - आगामी पञ्च वर्षिय आवधिक योजनाका लागि विभिन्न चरणमा छलफल र अन्तर्किया कार्यक्रम सम्पन्न भई योजनाको अन्तिम मस्यौदा तयारीका लागि सहजिकरण गरिएको ।
  - कर्मचारी प्रशासन सम्बन्धी नियूक्ति पदस्थापन सरुवा रमाना लगायतका कामकाज सम्पादन गर्दै आएको।
  - सभा तथा कार्यपालिकाको निर्णय अनुसार निशुल्क तथा सशुल्क जग्गा प्राप्ति सम्बन्धी काममा सहजिकरण गरेको।
  - सोही बमोजिम स्टोर तथा आवास भवनका लागि लामाखेतमा निशुल्क जग्गा प्राप्त भई भवन निर्माणाधिन रहेको, वडा नं. ८ मा कोल्ड स्टोर निर्माणका लागि सशुल्क जग्गा प्राप्त भएको र वडा नं. ३ स्थित मल्लाज स्वास्थ्य चौकीको हाताभित्र निर्माणहुन लागेको १० शैयाको गाउँपालिकास्तरीय भवन निर्माणका लागि नपुग ०-९-०-१ क्षेत्रफलको जग्गा खरिद गरी प्राप्त गर्न नेपाल सरकारको अनुमती प्राप्त भइ मुआब्जा निर्धारणको प्रकृयामा रहेको।
- आगामी आ.व. को बजेटको पूर्वतयारीका लागि राजस्व परामर्श समितिको सिफारिसमा संघिय अर्थमन्त्रालयमा राजस्व र ब्यय अनुमानको प्रक्षेपित विवरण पठाइएको ।
- ख) <u>न्यायिक समितितर्फ</u>को प्रगति
  - समितिमा उजुरी दर्ता संख्याः ६
  - गत वर्षको जिम्मेवारी सरेको उजुरी संख्याः ३
  - उजुरी मेलमिलाप/फछ्यौट भएको संख्याः- २
  - फछ्यौंट हुन बाँकी/चलिरहेका उजुरी संख्याः ७
  - मेलमिलापको लागि सहमति नजिक रहेको उजुरी संख्याः ३
  - न्यायिक समितिको बैठक बसेको संख्याः- ८ पटक
  - मेलमिलापका लागी नियमीत स्थलगत अनुगमनमा जाने गरिएको ।
  - मेलमिलापकर्ताहरु लाई सुचिकृत हुनका लागी सुचना प्रकाशन गरी प्रकृया अगाडी बडाईएको ।

ग) <u>सामाजिक विकास शाखा</u>

- टोल विकास संस्था मार्फत प्याज, गहुँ तथा आलुको विउ माग गरिएको र त्यसध्ये प्याजको विउ र आवश्यक अन्य सामाग्री वितरण भएको
- ९ वटै वडामा गरी १३५ टोल विकास संस्था गठन भईसकेको र केही गठनकै प्रक्रियमा रहेका तथा गठन भएका टोल विकास संस्थामा बचत संकलन तथा लगानीको कामको शुभारम्भ भएको।

- गठन भएका टोल विकास संस्थाले आफ्नो आफ्नो वडामा टोल सुधारका गतिविधिहरु सञ्चालन निर्देशन दिइएको र सोही अनुसार नियमित टोल सुधारका गतिविधिहरु सञ्चालन हुँदै आएको

घ) <u>वातावरण तथा विपद ब्यवस्थापन शाखा</u>

- पुनस्थापनाका ४ जना लाभग्राहीको जग्गा खरिद वापतको अनुदान रकम भुक्तानीको लागि सिफारिस गरिएको ।
- १६ जना लाभग्राहीको लागि दोस्रो र १० जना लाभग्राहिको लागि अन्तिम किस्ता भुक्तानीको लागि सिफारिस गरिएको ।
- आ.व. २०७९।८० मा निजी आवास क्षति वापत प्राप्त निवेदनको आवश्यक कार्वाही गरी लाभग्राही सूचीकृतको लागि जिल्ला विपद ब्यवस्थापन समितिमा सिफारिस गरि पठाएको ।

ङ) <u>सूचना ईकाइ</u>

- सार्वजनिक सरोकारका सूचनामा जनतामा पहुँच पुर्याउनको लागि यस गाउँपालिकाले चालु आ.व. को २ त्रैमासिक स्वत प्रकाशन गरिएको ।
- चालु आ.व.मा १ जनाले लिखित रुपमा सूचना माग गरिएकोमा उक्त सूचना उपलब्ध गराउने तयारीमा रहेको ।
- नियमसंगत रुपमा माग भएका सार्वजनिक सरोकारका सूचनाहरु मौखिक र लिखित रुपमा उपलब्ध गराउदै आएको ।

च) <u>जिन्सी शाखा</u>

<u>१. ईन्धनको विवरणः</u>

-डिजल- १२९२१।९ लि.

-पेट्रोल- २२८० लि.

<u>२. मर्मत ( ल्यापटप / डेस्कटप कम्प्युटर / प्रिन्टर )</u>

- ल्यापटप / डेस्कटप कम्प्युटर / प्रिन्टर मर्मत - रु. १२९४२३।५०

<u>३.फर्निचर</u>

- फर्निचर ८ नं वडा कार्यालयको नयाँ भवन व्यबस्थापनको लागि वडा मार्फत खरिद- रु. ४,९९,८५२/१७

- फर्निचर ९ नं वडा कार्यालयको नयाँ भवन व्यबस्थापनको लागि वडा मार्फत खरिद- रु. ४,४९,९६६।-

<u>४. लक्षित कार्यक्रमतर्फः</u>

- विभिन्न सामाग्रीहरु खरिद- रु.१,२५,६००।-

<u>छ) राजश्व शाखाको प्रगति</u>

| SN | राजस्व शीर्षक | | आ.व. : २०८०/८१ को श्रावण देखि पौष महिनासम्मको आन्तरिक राजस्व | | |
|---|---|---|---|---|---|
| | संकेत | विवरण | गत महिना सम्मको | of this months | जम्मा |
| १ | ११३१४ | भुमिकर/मालपोत | ४,४९,६१६.४५ | १,६८,७३४.७० | ६,१८,३५१.१५ |

| SN | राजस्व शीर्षक | | आ.व. : २०८०/८१ को श्रावण देखि पौष महिनासम्मको आन्तरिक राजस्व | | |
|---|---|---|---|---|---|
| | संकेत | विवरण | गत महिना सम्मको | of this months | जम्मा |
| २ | ११३२१ | वहाल कर | ८,४५,६७९.१३ | १,२५,०७०.०० | ९,७०,७४९.१३ |
| ३ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | ९,०३,०००.०० | ०.०० | ९,०३,०००.०० |
| ४ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १९,१९,७४९.८० | १,३९,८९९.६० | २०,५९,६४९.४० |
| ५ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | २,५४,२२४.०० | ४,७०४.०० | २,५८,९२८.०० |
| ६ | १४२४२ | नक्सापास दस्तुर | ३,५०,४७८.८० | ६०,७३५.३९ | ४,११,२१४.१९ |
| ७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,१०,९००.०० | २२,८७०.०० | १,३३,७७०.०० |
| ८ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १४,८८,०३२.४४ | ९,०२,८८०.२० | २३,९०,९१२.६४ |
| जम्मा | | | ६७,६२,२४५.५२ | १५,११,६०५.१९ | ८२,७३,८५०.७१ |

झ) <u>व्यवसाय दर्ता शाखा</u>

- व्यवसाय नयाँ दर्ता- २४ वटा
- व्यवसाय नविकरण- १११ वटा
- घ वर्गका निर्माण ब्यवसाय सूचीकृत- १ वटा
- घ बर्गका निर्माण ब्यवसाय नवीकरण - ६ वटा
- बन्द गरिएका ब्यवसाय २ वटा

ञ) <u>स्वास्थ्य शाखा</u>

| क.स. | कार्यक्रमको नाम | संचालन गरिएको मिति | स्थान | सहभागीको/ लाभग्राही विवरण |
|---|---|---|---|---|
| १ | नियमित बिद्यालय स्वास्थ्य कार्यक्रम संचालन | नियमित | सबै वडामा | बिद्यार्थी र बिद्यालय परिवार |
| २ | ग्रामिण अल्टासाउन्ड कार्यक्रम संचालन | नियमित | सबै वडामा | गर्भवती महिला |
| ३ | परिवार स्वास्थ्य प्रोफाईलको पालिका स्तरिय अभिमुखिकरण कार्यक्रम | २०८० अश्विन २३ | गाउँकार्यपालिकाको कार्यालय | ४० जना सरोकारवाला |
| ४ | जेष्ठ नागरिक सेवा तथा नसर्ने रोगको प्रारम्भिक जाच सिविर (पहिलो चरण) | २०८० भाद्र - अश्विन | सबै वडाामा | सेवाग्राही सबै |

| | | | | |
|---|---|---|---|---|
| ५ | बिपन्न नागरिक औषधि उपचार खर्च भुक्तानी | गाउँपालिका | कार्तिक | ३६ जना उपचार गराईरहेका बिरामी |
| ६ | रास्ट्रीय भिटामिन ए कार्यक्रम पहिलो चरण | सबै वार्डमा | कार्तिक १७/१८ गते | ५ वर्ष मुनिका बालबालिका |
| ७ | ग्रामिण भिडियो एक्सरे सेवा संचालन | १ देखि ९ वटै संस्था | २०८० पौष १६ देखि पौष २६ सम्म | गर्भवती आमा |

## ट) सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा

प्रथम किस्ता वापत २९६० जना लाभग्राहीलाइ रु २,६९,९८,९६०/- र दोस्रो किस्ता वापत ३००१ जना लाभग्राहीलाइ रु २,७४,२४,८२१/- वितरण भएको छ।

**ब्यक्तिगत घटना दर्ता अन्तर्गत सवै वडामा**

जन्म दर्ता २०७

मृत्यु दर्ता ८९

सम्बन्ध विच्छेद १८

विवाह दर्ता ११८

वसाइ सराइ गरी आएको दर्ता संख्या ४ सदस्य संख्या १३, गएको दर्ता संख्या २८ सदस्य ९०

## ठ) शिक्षा युवा तथा खेलकुद शाखा

- सिटिएफ नेपाल संगको सहकार्यमा शैक्षिक बिज्ञ समेतबाट अभिभावक शिक्षा कार्यक्रम ९ वटै वडाहरुमा सञ्चालन गरिएको।
- शिक्षक (बालबिकास,लेखा कर्मचारी समेत),बिद्यालय ब्यबस्थापन समितिका अध्यक्ष तथा बिद्यालयलाई **बर्ष उत्कृष्ठ** घोषणा गरीपरस्कार तथा सम्मान कार्यक्रम सम्पन्न गरिएको।
- पहिलोपटक बिद्यालयहरुको प्रथम त्रैमासिक र दोस्रो त्रैमासिक परिक्षा पालिकाबाट सञ्चालन गरी नतिजा प्रकाशन तथा बिश्लेषण गरिएको।
- अनलाईल हाजिरिजबाफ प्रतियोगिता सञ्चालन गरिएको।
- शिक्षकहरुको लागी ICT तालिमदिई परिक्षा लिई तालिम मापन गर्ने कार्य गरिएको।
- गाउँपालिकाका ४४ वटै बिद्यालयका ब्यबस्थापन समिति अध्यक्षहरुसंग बृहद् शैक्षिक छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको
- बिद्यालय स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता जलजला-३को बिद्याज्योति माबिमा सम्पन्न भएको तथा जिल्लास्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा कुश्मामा बिद्यार्थिहरुको सहभागिता गराईएको।

## ढ)सुचना तथा प्रबिधि शाखा

- स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङकन (LISA) कार्य सम्पादन गरि ९०.२५ अंक प्राप्त गरी पर्वत जिल्लाकै उत्कृष्ट पालिका र गण्डकी प्रदेशमा छौठैं स्थान प्राप्त गरेको ।

- बित्तिय शुसासन तथा जोखीम मुल्याङकन (FRA) कार्य सम्पादन गरि ७९ अंक प्राप्त गरी पर्बत जिल्लाकै उत्कृष्ट पालिका र गण्डकी प्रदेशमा दशौं स्थान प्राप्त गरेको ।
- प्रबिधिमैत्री कक्षाकोठा निर्माण कार्यका लागी गाउँपालिकाका विभिन्न विद्यालयको स्थलगत अवलोकन गरेर ईस्टीमेट तयार पारिएको र रिपोट प्र.अ बैठक/गाउँशिक्षा समिति बैठकमा पेश गरिएको ।
- साविकमा प्रयोग हुदै आएको सम्पत्ती तथा भूमि कर व्यवस्थापन सफट्वेयरका सम्पुर्ण डाटा सुत्र प्रणलीमा माईग्रेसन गरिएको ।
- आईसिटि परिक्षा प्रश्नपत्र निर्माण उत्तरपुस्तिका चेकजाँच तथा आईसिटि परिक्षा अनुगमन ।
- प्रथम त्रैमासिक परिक्षाको नतिजा समिक्षा प्रोर्टल निर्माण तथा सम्पुर्ण विद्यालयहरुको नजिजा पोर्टलमा ईन्ट्री गरिएको ।

## ण) कृषि तथा सहकारी विकास शाखा

- उन्नत आलु विउ उत्पादन कार्यक्रम (ढुवानी कोल्ड स्टोर तथा भूक्तानी दायित्व):

धौलागिरी कृषि कृषक समुह ३३७०० नमुना कृषि तथा पशुपंक्षी कृषक समुह 4150 राधाकृष्ण ताजा तरकारी तथा बीउ उत्पादक कृषक समुह 6385 फर्से आयआर्जन कृषक समुह ६०४५ उन्नतिशिल बीउ उत्पादक कृषक समुह १३०५० गरि जम्मा ६३३३० केजीको प्रतिकेजी रु ६० कादरले रु **३७९९८००** पौष महिनामा सम्बन्धित कृषक समुहको खातामा रकम भुक्तानी गरीएको ।

- पि.वि.एस. तथा मूल बिउ कार्यक्रम:

पिविएस बीउ उत्पादन कार्यक्रम अन्तरगत जलजला गाउँपालिका मा आलुको पुर्व मुल बिउ ५ ग्राम भन्दा ठुलो ( खुमल सेतो -१ ४६०० दाना कुफ्रिज्योति ३९०० दाना खुमल उज्वल ४३०० जनकदेव २००० दाना र एम एस ४२।३ २००० दाना ) गरी जम्मा **१६८००** दाना पुर्व मुलबीउ र बीउ लगाउँदा सिफारिस मात्रा अनुसारको रसायनिक मलखाद युरिया ३८ केजी डिएपी २० केजी र पोटास २१ केजी तोकिएको शर्त बमोजिम लगाउने र उत्पादित सबै बीउ गाउँपालिकाले नै खरिद गर्ने शर्तमा जलजला गाउँपालिका ६ मा रहेको प्रगतिशिल ताजा तरकारी उत्पादन तथा बीउ उत्पादक कृषक समुहमा हस्तान्तरण गरी मिति २०८० फगुन ४ गते रोपिसकिएको ।

- फलफुल वाली (किवि,सुन्तला,ओखर हिउँदे/बर्षे):

सुचना प्रकाशन माग संकलन गरी कुल **३७३ वटा दाँते ओखर** माग गरेका १८ जना कृषकहरुलाई वितरण सम्पन्न ओखर बितरण सम्पन्न भएको ।

- व्यवसायिक तरकारी प्याज तथा सूर्यमुखी प्रवर्द्धन कार्यक्रम:

११५ वटा टोल विकास संस्थाहरु मार्फत ३३ ७० घरधुरीमा प्रति परिवार ५०० का दरले विरुवा वितरण गनरि लक्ष्य लिईएकोमा अभिकतम **२२०० देखी न्युनतम ४०० सम्म प्रति परिवार**का दरले प्याज का विरुवा वितरण गरी सकिएको ।

- ब्यबसायीक तरकारी उत्पादन कार्यक्रम:

७३ वटा स्थायी टनेल र सिल्पोलिन टनेल ८१ वटा र बिउ विजन लगायतका कृषि सामाग्री माग भएको।

- आलुको राजश्व संकलन :

गाउँपालिकाभित्र ५४२ बोराको ८१३०००र गाउँपालिकाभित्र र बाहिर ७१९।५५ बोराको २१५८६४९।४० रु २९७११४९ आलु विक्रिबाट राजश्व प्राप्त ।

**त**) <u>पशु सेवा शाखा</u>

| विवरण | जम्मा |
|---|---|
| कृत्रिम गर्भाधान सेवा | २७५ |
| मेडिकल उपचार सेवा | ३७७२ |
| माईनर सर्जिकल | ८२ |
| गाईनोकोलोजिकल | १६० |
| बन्ध्याकरण | ३५५ |
| खोप सेवा | ५० |
| गोवर परिक्षण | ४८१ |
| थुनेलो परिक्षण | २६ |
| गाई/गोरू | २४ |
| भैसी | ३० |
| भेडा बाखा | १० |
| जम्मा प्रगति | ५२६५ |

**थ**) **महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट प्राप्त भएका मुख्य उपलब्धिहरु (साउन १ देखी पौष मसान्त सम्म)**

| सिन | प्राप्त भएका मुख्य उपलब्धिहरु | इकाइ | परिमाण | स्थान |
|---|---|---|---|---|
| १ | हरितालिका तिज र राष्टिय बाल दिवसको अवसरमा तिज गित प्रतियोगिता सम्पन्न | पटक | १ | गाउपालिकाको कार्यालय परिसर |
| २ | अपाङ्गता सम्बन्धी स्थानिय समन्वय समितिको बैठक | पटक | १ | गाउपालिकाको कार्यालय |
| ३ | लैङ्गिक हिसां विरुद्धको १६ दिने अभियान अन्तर्गत सचेतनामुलक कार्यक्रम संचालन | पटक | १ | गाउँपालिकाको कार्यालय परिसर |
| ४ | अपाङ्गता दिवसको अवसरमा अपांगता भएका व्यक्तिहरुसग अन्तरक्रिया कार्यक्रम सम्पन्न | पटक | १ | गाउँपालिकाको कार्यालय |
| ५ | ज्येष्ठ नागरिक परिचयपत्र वितरण | जना | ४ | गाउँपालिकाको कार्यालय |

**द**) <u>रोजगार सेवा केन्द्रवाट सञ्चालित कार्यक्रमहरुको प्रगतिः-</u>

- चालु आ.व २०८०/८१ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाऊँपालिका का सबै वडाहरुबाट संकलित बेरोजगारीहरुको निवेदन जम्मा ४६१ जना (चार सय एक्सठी ) जना रहेको र emis मा समेत ४६1 (चार सय एक्सठी) बेरोजगार सूचिकृत भएको व्यहोरा यस रोजगार सेवा केन्द्र जलजला गाउँ कार्यपालिकाले सार्वजनिक गर्ने निर्णय गरियो ।
- वडा नं ४ मा योजना छनोट गर्ने कार्यमा सहजिकरण तथा स्थल अवलोकन गरि जग्गावालाहरु सग छलफल हुन बाकी छलफल गरि सम्झौता कार्य अगाडि बढाइने ।
- श्रम स्वकृती सम्बन्धी पुन श्रम स्वकृती कार्यमा १७ जना सेवा ग्राहिलाई सहजिकरण गरेको । दुई जनाको कागजात नपुगेको भएर श्रम सहजिकरण गर्न नसिकएको पोखरा काठमान्डौ जान सल्लाह दिएको ।
- वैदेशिक रोजगार मा गई मुत्यू भएका जलजला गाउँपालिका वडा नं ६ परिवारलाई आर्थिक सहायताको लागि यस पालिकाबाट वैदेशिक रोजगार बोर्डमा सहजिकरण गरिएको ।
- योजना सम्झौता र योजना कार्यान्वयन गर्ने काममा सम्पुर्ण वडाहरुमा समन्वय गरेको ।

**ध**) आन्तरिक लेखा परिक्षण शाखाको प्रगतिः-

१) आ.व. २०७९/८० को चौमासिक आन्तरिक लेखापरिक्षण सम्पन्न भएकोमा पुनः एकमुष्ट आन्तरिक लेखापरिक्षण सम्पन्न गरि लेखापरिक्षण प्रतिवेदन लेखाशाखा र महालेखा परिक्षकलाई बुझाएको।

२) आ.व. २०८०/०८१ को पहिलो चौमासिक आन्तरिक लेखापरिक्षण सम्पन्न गरि बेरुजु हटाउन लेखापरिक्षण प्रतिवेदन लेखाशाखामा बुझाएको।

**न**) नक्शा पास शाखाको प्रगति

- प्रथम चरण इजाजत पत्र प्रदान - ३ वटा
- दोश्रो चरण इजाजत पत्र प्रदान - १ वटा
- नयाँ घर निर्माण सम्पन्न संख्या - २ वटा
- घर अभिलेखीकरण गरिएको घर संख्याः १० वटा
- १५ दिने सूचना प्रकासन ७ वटा

**प**) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) शाखा

- भइरहेका/गरिरहेका उद्यमीहरुलाइ अनुगमन कार्य गरिएको साथै काम गर्दै गर्दा आएको समस्याको समधान गरिएको ।

**फ**) प्राविधिक शाखाको प्रगतिः-

भवन निर्माण तर्फ

१. जलजला गा.पा. वडा न. ४ लामाखेतका स्थानिय जग्गाधनीवाट निशुल्क प्राप्त भएको डेढ रोपनी क्षेत्रफलको जग्गामा कार्यालयको स्टोर तथा आवास भवन निर्माणका लागि चालु आ.ब मा करीब रु

२००००००००/- बराबर को  लागत अनुमान तयार गरि विद्युतिय ठेक्का प्रक्रिया मार्फत सारभूतरुपमा प्रभाब ग्राही भई श्री साहाना- सक्षम जे.भी. बेनीको बोलपत्र दाता संग मिति २०८०/०८/१९ गते भ्याट र पि.एस सहित रु. १,४२८,९४,९७.५९/- मा सम्झौता भई हाल निर्माणधिन अवस्थामा रहेको।

२. जलजला गाउपालिका वडा न, ०७ मा अवस्थित गण्डकी गोपाल गौशालाको पुर्वाधार निर्माणका लागि चालु आ.ब. मा करिब रु. १८५००००००/- बराबर को  लागत अनुमान तयार गरि ठेक्का प्रक्रिया मार्फत सारभूतरुपमा प्रभाब ग्राही भई श्री सिम्रन इन्फ्रास्टकचर एण्ड सप्लायर्स प्रा.लि. भक्तपुरको को बोलपत्र दाता संग मिति २०८०/०८/१२ गते भ्याट र पि.एस सहित रु. १,२५,८५,२३२.७६/- मा सम्झौता भई हाल निर्माणधिन अवस्थामा रहेको अगाडी बढाईएको ।

<u>रास्ट्रपति सैक्षिक सुधार कार्यक्रम अन्तरगत</u>

- कृष्ण भवन मा.बि जलजला गा.पा. ७ धाईरिंगमा  रु ५०,०००००/- को ४ कोठे भवन निर्माण सम्पन्न भयको
- सिद्धबाबा प्रा.बि जलजला गा.पा. २ बगरफाँटमा  रु २५,०००००/- को २ कोठे भवन निर्माण सम्पन्न भयको
- अमर प्रा.बि जलजला गा.पा. ७ बाँसकोटमा  रु २५,०००००/- को २ कोठे भवन निर्माण सम्पन्न भयको

<u>सडक निर्माण तथा मर्मत तर्फ</u>

१. डमुवाखोला-खनियाघाट-नाग्लिबांग-लुप्रांग सडकको स्तर उन्नतिका लागि करीब रु २००००००००/- बराबर को लागत अनुमान तयार गरि  ठेक्का प्रक्रिया मार्फत सारभूतरुपमा प्रभाब ग्राही भई श्री साहाना- सक्षम जे.भी. बेनीको बोलपत्र दाता संग मिति २०८०/०८/१९ गते भ्याट र पि.यस सहित रु. १३६०५२१८.१७/- मा सम्झौता भई हाल निर्माणधिन अवस्थामा रहेको ।

२. सडक बोर्ड नेपालको रु. १८०००००/- र जलजला गा.पा. को रु. ४०००००/- लागत साझेदारीमा मिलनचोक शालिजा हम्पाल सडकको स्तरोन्नतीका लागि जम्मा  रु. २२०००००/- को लागत स्टिमेट तयार गरी विद्युतिय ठेक्का मार्फत ठेक्का आव्हान गरी हाल ठेक्का संझौताको प्रकृयामा रहेको।

<u>झोलुंगे पुल तर्फ</u>

जलजला गा.पा.वडा न. ०७ अन्तरगत पर्ने बास्कोट खोलामा ५० मिटर लामो SSTB-D Type को झोलुंगे निर्माणका लागि N.G.O(खुर्कोट युवा क्लब ) मार्फत डिपीआर तयार गरियको र उक्त पुल निर्माणका लागि ला.ई. रु.३१६०५४८.१७/- हुन आएको र जस मध्य रु. ८३६६४२/- को उक्त पुल निर्माणका लागि आवस्यक पर्ने फेब्रिकेसनका सामाग्री (STEEL PARTS AND STEEL DECK) का लागि ई-टेन्डर मार्फत खरिद प्रक्रिया अगाडी बढाईएको ।

<u>औषधी खरिद तर्फ</u>

३. जलजला गाउपालिका अन्तर्गत स्वास्थ्य संस्थाका लागि अत्यावश्यक औषधी खरिदका लागि रु. ११४४८३४ बरावरको लागत अनुमान स्वीकृत गरि विद्युतिय ठेक्का आव्हन गरिएकोमा सारभूतरुपमा प्रभाव

ग्राही श्री रामलक्ष्मण फार्मेसी इटहरी ०५ सुनसरीको वोलपत्र को कवोल रकम रु.५२२५६७.४८ मा ठेक्का सम्झौताको प्रकृयामा रहेको।

न) <u>लेखा शाखा</u>

खर्च तथा आर्थिक कारोवार संबन्धि अद्यावधिक विवरण

आ.व.:२०८०/८१ अवधी : २०८०/०४/०१ देखि २०८०/११/२० सम्म

संघीय अनुदान अन्तर्गत ३४ करोड ३३ लाख अनुमान गरिएकोमा हालसम्मको वास्तविक आय १८ करोड ३४ लाख २२ हजार ७३ अर्थात (५३.४३ प्रतिसत) रहेको

प्रदेश अनुदान अन्तर्गत २१ करोड ८९ लाख ४ हजार अनुमान गरिएकोमा हालसम्मको वास्तविक आय १३ करोड ४७ लाख २ हजार अर्थात (६१.५३ प्रतिसत) रहेको

राजस्व बाडफाड अन्तर्गत ८, करोड ४५ लाख ८४ हजार ९ सय अनुमान गरिएकोमा हालसम्मको वास्तविक आय ३ करोड ११ लाख ६२ हजार ७ सय ६०. अर्थात (३६.८४प्रतिसत) रहेको

अन्तरिक श्रोत अन्तर्गत २ करोड १२ लाख २१ हजार १ सय अनुमान गरिएकोमा हालसम्मको वास्तविक आय २ करोड ९५ लाख १५ हजार २ सय ३१ अर्थात (१३९.०८ प्रतिसत) रहेको

जम्मा अनुमानित आम्दानी ४७ करोड १० लाख मा वास्तविक आय रु २५ करोड ७५ लाख ७२हजार ६४ अर्थात (५४.६८ प्रतिसत) रहेको

<u>त्यसैगरी खर्च तर्फ</u>

चालु खर्च अनुमान रु. ३५ करोड ४६ लाख रहेकोमा वास्तविक खर्च १६ करोड ९३ लाख ३४ हजार १६३ अर्थात (४७.७५ प्रतिसत) रहेको

पुँजीगत खर्च अनुमान रु. ११ करोड ६४ लाख रहेकोमा वास्तविक खर्च ४१ करोड ७८ लाख ८९ हजार अर्थात (३५.९ प्रतिसत) रहेको छ भने

**औषत खर्च जम्मा २१ करोड ११ लाख २३ हजार १ सय ३ अर्थात (४४.८२ प्रतिसत) रहेको छ।**

## प) योजना शाखा :

| क्र.स. | वडा नं. | योजना सम्झौता संख्या | योजना सम्पन्न संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ८ | २ | |
| २ | २ | ११ | ७ | |
| ३ | ३ | १० | ७ | |
| ४ | ४ | २२ | १० | |
| ५ | ५ | ८ | ६ | |
| ६ | ६ | ८ | २ | |
| ७ | ७ | ९ | ३ | |

| | | | | |
|---|---|---|---|---|
| ८ | ८ | ७ | ० | |
| ९ | ९ | ३ | १ | |

## फ) वडा कार्यालयहरु मार्फत प्रदान गरिएका सेवाहरु :

**सिफारीसहरु :**

| क्र. स | वडाकार्यलहरु | विभिन्न प्रकारका सिफारीसहरु (संख्यामा) | | | | | राजस्व |
|---|---|---|---|---|---|---|---|
| वडा | | व्यवसाय दर्ता सिफारीस | योजना सम्झौता र काम सम्पन्न सिफारीस | राहत उद्दार/छात्रबृत्ति/उपचार/सामाजिक सुरक्षा/कृषी पशु तगा विपन्न सिफारीस | विविध सिफरीस | जम्मा सिफारीस संख्या | संकलीत राजश्व (रु) |
| १ | वडा नं ०१ | १० | ६ | १०० | १५० | २६६ | २७, ५०० |
| २ | वडा नं ०२ | ० | १५ | १९७ | २०० | ४१२ | ८१,१८० |
| ३ | वडा नं ०३ | १२ | २३ | २१ | ३०० | ३५६ | ९६,८०० |
| ४ | वडा नं ०४ | ४ | ३० | १७ | ५८५ | ६३६ | १,०३,७३० |
| ५ | वडा नं ०५ | ३ | २२ | ९३ | १२९ | २४७ | ५३,३१६ |
| ६ | वडा नं ०६ | ० | ६ | ४० | १२६ | १७२ | २४,८०० |
| ७ | वडा नं ०७ | ७ | १२ | २२ | ५५ | ९६ | १,५८,२०३ |
| ८ | वडा नं ०८ | १५ | ७ | २०० | २२२ | ५९० | १,०५,०४६ |
| ९ | वडा नं ०९ | - | - | - | - | २१८ | ७१,८४९ |
| | ***कुल जम्मा*** | ५१ | १२१ | ६९० | १७६७ | २९९३ | ७,२२,४२४ |